मिति २०७७।०३।१५ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) भक्तपुरको २२ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. होटल क्वारेन्टिन सम्बन्धमा ।
२. सलह किरा सम्बन्धमा ।
३. सवारी पास सम्बन्धमा ।
४. होल्डिङ सेन्टर सम्बन्धमा ।
५. विविध ।

निर्णय:

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको जोखिममा परी विदेशमा अलपत्र परेका नेपालीहरूलाई स्वदेश फिर्ता गर्ने कार्य भइरहेको अवस्थामा जिल्लामा रहेका क्वारेन्टाइनमा रहेका व्यक्तिहरूलाई तोकिएको अवधिसम्म मापदण्ड बमोजिम राख्ने उनीहरूको भेटघाट र बाहिरको सम्पर्क भन्दा टाढा राखी सुरक्षाको उचित प्रबन्ध मिलाईने र स्थानीय तहहरूलाई सोही अनुसार गर्नको लागि अनुरोध गर्ने ।
२. नेपालको विभिन्न भुभागमा सलह किराको सन्दर्भमा आएको समाचारहरू प्रति सचेत रही यस जिल्लामा सलह किराको प्रवेश, आवागमन दिशा वारे सबै सरोकारवाला निकायहरूसँग समन्वय गरी नियन्त्रण र रोकथामको लागि तयारी अवस्थामा रहनको निमित्त स्थानीय तहलाई अनुरोध गर्ने ।
३. गृह मन्त्रालयको च.नं. ४६५ मिति २०७७।०३।१२ को पत्रानुसार सवारी पास सहमति लिने सम्बन्धमा प्रदेश नं. १, प्रदेश नं. २ का जिल्ला प्रशासन कार्यालयहरूले यस जिल्लाबाट सहमति लिने भन्ने व्यहोराको सन्दर्भमा जनगुनासो नआउने गरी कार्य सम्पन्न गर्ने ।
४. जिल्ला भित्रको क्वारेन्टिन आइसोलेसन तथा होल्डिङ सेन्टरकोको सुरक्षा व्यवस्था,जोखिम न्यूनिकरण, न्युनतम भौतिक सामाजिक दूरी, सवारी आवागमन र प्रस्थान जिल्ला सञ्चालित उद्योगधन्दाहरू तोकीएको मापदण्ड बमोजिम सञ्चालन लगायतका विषयको नियमित अनुगमन गर्न स.प्र.जि.अ.को संयोजकत्वमा कार्यदल गठन गरी नियमित अनुगमन गरी प्रतिवेदन NEOC मा उपलब्ध गराउने ।
५. नाकामा सवारी साधन र सवारी पास चेक जाँचलाई थप मजबुत गर्दै अत्यावश्यक कारण बाहेकका सवारी पास वितरणमा कडाई गर्ने ।